'मानवअधिकार र कानुनी शासन : नेबाएको अभियान'

# नेपाल बार एशोसिएशन

## मानव अधिकार सम्बन्धी राष्ट्रिय सम्मेलन, २०७३

# बिरगञ्ज घोषणा-पत्र

**नेपाल बार एशोसिएशनले आफ्नो स्थापनाकालदेखि नै मानवअधिकार, कानुनको शासन, स्वतन्त्र न्यायपालिका र लोकतन्त्रको पक्षमा निर्वाह गर्दै आएको ऐतिहासिक भूमिकालाई आत्मसात गर्दै;**

**विगत सशस्त्र द्वन्द्व, तराई मधेश लगायतका विभिन्न आन्दोलनहरुका क्रममा भएका मानवअधिकारका उल्लंघन र ज्यादतीका घटनाहरुलाई सम्बोधन गरी पीडितलाई न्याय र परिपूरण दिलाउँदै शान्ति स्थापना गर्ने शान्ति प्रक्रियाको उद्देश्यलाई हृदयङ्गमन गर्दै, उन्नत समाज निर्माणका लागि त्यस्ता ऐतिहासिक आन्दोलनद्वारा स्थापित गरिएका नागरिकका राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको संरक्षण र सम्वर्द्धन गर्ने अभिभाराको स्मरण गर्दै;**

**नेपालको संविधानमा भएका मौलिक हकहरुको पूर्ण रुपमा कार्यान्वयन गरी संविधानले परिकल्पना गरेको मानवअधिकारको रक्षा गर्दै त्यसको कार्यान्वयन गरी मानवअधिकार मैत्री समाज निर्माण गर्नु पर्ने आवश्यकतालाई आत्मसात गर्दै;**

**नेपालको संविधान र नेपालको अन्तर्राष्ट्रिय कानुन अन्तरगतका दायित्वहरुको परिपालना गर्नु पर्ने आवश्यकतालाई मनन गर्दै नेपाल बार एशोसिएशन, मानवअधिकार तथा जनसरोकार समितिको मिति २०७३ मङ्सिर २५ गते (१० डिसेम्बर २०१६) सम्पन्न मानव अधिकार सम्बन्धी राष्ट्रिय सम्मेलनबाट यो एघार बुँदे बिरगञ्ज घोषणापत्र जारी गरिएको छ।**

१. मानव अधिकारको संरक्षण, प्रवर्द्धन र प्रत्याभूतिका लागि वर्तमान संविधानले गरेको संरचनागत र नीतिगत व्यवस्थाहरु तुलनात्मक रुपमा प्रगतिशील भएकोले तिनको प्रभावकारी कार्यान्वयन अविलम्ब गर्न/गराउन आवश्यक कानूनी तथा संरचनागत व्यवस्था गर्न यो सम्मेलन आव्हान गर्दछ।

२. संविधानले परिकल्पना गरेका राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग आदिवासी जनजाती आयोग, मधेसी आयोग, थारु आयोग र मुस्लिम आयोग लगायतका आयोगहरुको प्रभावकारीताको लागि आवश्यक कानूनी र नीतिगत व्यवस्था गर्न यो सम्मेलन आव्हान गर्दछ।

३. स्वतन्त्र, सक्षम, प्रभावकारी र जवाफदेही न्यायपालिका नै मानवअधिकार संरक्षण र कार्यान्वयनको संरचना भएकोले न्यायापालिकाको स्वतन्त्रता र प्रभावकारिता अभिवृद्धि गर्न अदालतबाट भएका फैसलाहरु अविलम्ब कार्यान्वयन गर्न/गराउन यो सम्मेलन सबै सरोकारवाला निकायहरुको ध्यानाकर्षण गराउँदछ।

४. न्यायमा सहज पहूँच र न्याय सम्पादनको प्रभावकारिताका लागि सबै तहमा रिक्त न्यायाधीशहरु कानुनले तोकेको अवधि भित्रै संवैधानिक भावना अनुरुप समावेशी सिद्धान्त अबलम्वन गर्दै नियुक्तिको सिफारिस अविलम्ब गर्न यो सम्मेलन न्यायपरिषद्को ध्यानाकर्षण गराउँदछ।

५. आवधिक निर्वाचन लोकतन्त्र र मानव अधिकारको न्यूनतम् शर्त भएकाले अविलम्व संविधानले परिकल्पना गरेका सबै तहका निर्वाचन गर्न आवश्यक कानूनको तर्जुमा गरी निर्वाचनको वातावरण बनाउन यो सम्मेलन आव्हान गर्दछ ।

६. संविधानका सम्बन्धमा उठेका सरोकारहरु सहमतिका आधारमा सम्बोधन गर्दै संविधान कार्यान्वयनको वातावरण बनाउन यो सम्मेलन सरोकारवाला निकायहरुमा आव्हान गर्दछ ।

७. तराई मधेश लगायत देशका विभिन्न भागमा आन्दोलनका क्रममा भएका मानव अधिकार उल्लंघन, ज्यादतिका घटनाको र अन्य मानव अधिकार उल्लंघन तथा ज्यादतीका घटनाहरुको निष्पक्ष छानविन गरी त्यस्ता घटनाका दोषीलाई कानुनको दायरमा ल्याई दण्डहीनताको अन्त्य गर्न यो सम्मेलन नेपाल सरकारलाई आव्हान गर्दछ ।

८. सत्य निरुपण तथा मेलमिलाप आयोग ऐनलाई संक्रमणकालीन न्यायका सम्बन्धमा सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त, अन्तर्राष्ट्रिय मापदण्ड र विस्तृत शान्ति सम्झौता अनुरुप संशोधन गरी पीडित तथा सरोकारवालाहरुसँगको सहकार्यमा पीडितको सत्य, न्याय र परिपूरणको अधिकार सुनिश्चित गर्न यो सम्मेलन सरोकारवालाहरु सबैसँग आव्हान गर्दछ ।

९. संक्रमणकालीन न्याय सम्बन्धी आयोगका सिफारिश अनुसार मुद्दा चलाउन बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ मा व्यवस्था भए बमोजिमको विशेष अदालत गठन सम्बन्धी कानुन निर्माण गर्न यो सम्मेलन सरोकारवालाहरु सबैसँग आव्हान गर्दछ, साथै संक्रमणकालीन न्याय सम्बन्धी प्रक्रियाको अनुगमन गर्न यो सम्मेलन नेपाल बार एशोसिएशनलाई आव्हान गर्दछ ।

१०. संविधानको भावना अनुकूल लैङ्गिक न्याय सुनिश्चित गर्न आवश्यक कानुनी, संस्थागत व्यवस्था र कार्यक्रमिक उपायहरु अपनाउन यो सम्मेलन सम्बन्धित सबैमा आव्हान गर्दछ । साथै हिंसा पीडित महिलाको न्यायमा सहज पहूँज सुनिश्चित गर्दै प्रभावकारी न्यायिक उपचार प्रदान गर्ने व्यवस्था मिलाउनका लागि यो सम्मेलन आव्हान गर्दछ ।

११. कानुन व्यवसायी लगायत मानव अधिकारको क्षेत्रमा काम गर्ने मानव अधिकार रक्षकहरुको सुरक्षाको प्रत्याभूतीको लागि आवश्यक व्यवस्था मिलाउन यो सम्मेलन माग गर्दछ ।

**घोषणा पत्र तयारी समिति**

**संयोजक :-** अधिवक्ता बिनय सिंह ।

**सदस्यहरु :-** अधिवक्ता लिलामणि पौडेल, अधिवक्ता सुमनचन्द्र कार्की, अधिवक्ता भुबनप्रसाद निरौला, अधिवक्ता कुमारी कौशल्या ओझा, अधिवक्ता मिना सेढाई, अधिवक्ता मिनाकुमारी देव, अधिवक्ता अन्जु कायस्थ, अधिवक्ता पेशलकुमार न्यौपाने, अधिवक्ता रामआषिश महतो, अधिवक्ता मानबहादुर रुम्दाली, अधिवक्ता मुकुन्दप्रसाद अर्याल, अधिवक्ता लक्ष्मी खड्का, अधिवक्ता रामचन्द्र सिंह, अधिवक्ता प्रमोद शाह ।

सम्बत् २०७३ मङ्सिर २५ गते (डिसेम्बर १०, २०१६)

**बिरगञ्ज, पर्सा ।**